नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राजस्व अनुसन्धान विभाग**

हरिहरभवन,पुल्चोक
ललितपुर

# प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७९।०८।१५ गते मुद्दा दायर गरिएको छ।

## १. अभियुक्तको विवरणः

- जिल्ला पर्सा सखुवा पर्सौनी गाउँपालिका वडा नं. १ स्थायी ठेगाना भई का.जि.का.म.न.पा. वडा नं. ७ बस्ने नवराज शर्मा भन्ने छविलाल अगस्ती ।

## २. कसुरको संक्षिप्त विवरणः

प्रतिवादीले बिल बिजक तथा भन्सार प्रज्ञापनपत्र लगायतका कागजात नभएका विदेशी ब्राण्डका चुरोट, गुट्खा लगाएतका मालबस्तुहरु नेपाल भित्र ल्याई विक्रि वितरण गरी सोबाट प्राप्त आयमा प्रचलित कानून वमोजिम नेपाल सरकारलाई तिर्नु/बुझाउनुपर्ने राजस्व नबुझाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संसोधन सहित) को दफा ३ र ४ (क) (ख) (छ) र (झ) बमोजिमको राजस्व चुहावटको कसुर गरेको ।

## ३. कायम भएको विगो र सजायको मागदाविः

प्रतिवादी नवराज शर्मा भन्ने छविलाल अगस्तीले गरेको उपरोक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ को खण्ड (क) (ख) (छ) र (झ) बमोजिमको राजस्व चुहावटको कसूर अपराध गरेको पुष्टी हुन आएकोले बरामद भएको उक्त सामानको **बिगो रु.१,४०,६४,६६८।- (एक करोड चालीस लाख चौसठ्ठी हजार छ सय अड्सठ्ठी)** लाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन) को दफा २(छ१) बमोजिम बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन) को दफा ४छ अनुसार भन्सार महसुल रु.२७,५५,१३५।-, अन्तःशुल्क रु. २०,०२,९१५।-, स्वास्थ्य जोखिम कर रु. ३,५२,४४०।- र मु.अ.कर रु.२४,३४,३५७।- समेत जम्मा महशुल रु.७५,४४,८४८।- गरी जम्मा विगो **रु. २,१६,०९,५१६।- (दुई करोड सोह्र लाख नौ हजार पाँच सय सोह्र रुपैया)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन) को दफा २३(१) बमोजिमको सजाय हुन तथा सोही ऐनको दफा २३(४) बमोजिम बुझाउनुपर्ने राजस्व रकमको ब्याज समेत असुल तथा सोही ऐनको दफा ३३ बमोजिम जफत हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | छविलाल अगस्ती | २,१६,०९,५१६।- | २,१६,०९,५१६।- | ४,३२,१९,०३२।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**